मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ ● अंक : ६ ● पूर्णांक : २०५ ● वि.सं. २०८० पुस १० मंगलवार ● ने.सं. ११४४ थिंलाथ्व पुन्ही ● 2023 December 26 ● पृष्ठ ८ ● मूल्य रू. १०।-

आज २० औं राष्ट्रिय ज्यापु दिवस
त्यंगलबाट च्याली, बसन्तपुरमा सभा

● **मेरो संवाददाता**

काठमाडौं/आदिवासी समुदायकै महत्वपूर्ण दिनको रुपमा रहेको मंसिर शुक्ल पूर्णिमाका दिन मनाइँदै आएको राष्ट्रिय ज्यापु दिवस आज विशेष समारोहको आयोजना गरी मनाइँदैछ। ज्यापु संस्कृति विकास कोषको आयोजनामा २०६१ सालबाट सुरु गरिएको ज्यापु दिवसलाई २०६५ सालमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै सरकारको पालामा राष्ट्रिय मान्यता प्रदान गरिएको थियो।

आज काठमाडौंको त्यंगः त्वाःबाट एक सांस्कृतिक च्यालीले नगर परिक्रमा गरी बसन्तपुरमा विशेष समारोहको आयोजना गरिने जानकारी प्राप्त भएको छ।

यस वर्ष दिवसको संयोजन गरिरहेको त्यंगः त्वाः खलःका अध्यक्ष धनबहादुर महर्जन 'तिमिला'ले दिनु भएको जानकारी अनुरुप यस वर्ष बिहान ९ बजे नै सांस्कृतिक च्यालीको आयोजना गरिने भएको छ।

बसन्तपुरमा प्रधानमन्त्री प्रचण्डको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा ज्यापु समुदायबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको नाम राख्न सफल २९ जना व्यक्तित्वहरुलाई सम्मान गरिने आयोजकले जनाएको छ। सोही कार्यक्रममा नेपालभाषालाई बागमती प्रदेशको सकारी कामकाजी भाषा बनाउन अभिप्रेरित गर्नुभएकोमा प्रधानमन्त्रीलाई समेत अभिनन्दन गरिने आयोजक समितिले जनाएको छ।

च्यालीको लागि पहिले बिहान १० बजेको समय तोकिएको भएतापनि प्रधानमन्त्री प्रचण्डले सरकार सम्हालेको एक वर्ष पुगेको अवसरमा दिउँसो १ बजे राष्ट्रिय सम्बोधन गर्ने कार्यक्रम रहेका कारण प्रधानमन्त्री कार्यालयकै अनुरोधमा यसवर्ष चाँडै कार्यक्रम सुरु गर्न लागिएको आयोजक समितिले जनाएको छ।

ज्यापु दिवसमा सहयोग गर्नेलाई धन्यवाद ज्ञापन

● **मेरो संवाददाता**

काठमाडौं/१९औं राष्ट्रिय ज्यापु दिवसको संयोजन गरेको गोफः त्वाःले पुस ७ गते शनिवार एक कार्यक्रमको आयोजना गरी दिवस सम्पन्न गर्न सहयोग गर्नुभएका महानुभावहरुलाई धन्यवाद ज्ञापन गरेको छ। त्वाःका अध्यक्ष पञ्चनारायण महर्जनको सभापतित्वमा भएको सोही कार्यक्रमका दौरान गोफः त्वाःको आखा छँेको पनि उद्घाटन गरिएको थियो।

काठमाडौं मनपाका पूर्वप्रमुख विद्यासुन्दर शाक्यको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा पूर्व उपप्रमुख एवम् वर्तमान बागमती प्रदेशसभा सदस्य मा. हरिप्रभा खड्गी श्रेष्ठको समेत उपस्थिति रहेको थियो।

सोही कार्यक्रममा गोफः त्वाःले संचालन गरेको धिमे प्रशिक्षण तथा त्वाः छँै खरीदका लागि सहयोग गर्नुहुने महानुभावहरुलाई सम्मान गरिएको थियो। कार्यक्रममा बागमती प्रदेशसभा सदस्यद्वय मा. समिता खड्गी श्रेष्ठ र सरिता शाहीका साथै ज्यापु महागुथि नेपाःका केन्द्रीय अध्यक्ष सत्यनारायण डंगोललगायतको उपस्थिति रहेको थियो।

ज्यापु दिवसका अवसरमा डल्लु आवास महोत्सव हुँदै

● **प्रबिन महर्जन प्रजापति**

काठमाडौं/सम्पदा संरक्षण तथा साँस्कृतिक सम्वर्धनमा समर्पित श्री गणेश सामुदायिक बिकास सेवाले यस बर्ष योमरि पुन्हि एवम् ज्यापु दिवसको अवसरमा डल्लु आवास महोत्सव गर्ने भएको छ।

हरेक वर्ष डल्लु क्षेत्रका १२ वटा सामाजिक संस्थाले पालैपालो गर्दै आएको सकुन्दा च्याली भन्दा फरक ढंगले यस वर्ष सेवाले महोत्सव आयोजना गर्न लागेको हो। ज्यापु दिवसको अवसरमा गर्न लागिएको सो कार्यक्रममा चर्यानृत्य, धिमे नृत्य, नेवार खानाका स्टलहरु तथा सांस्कृतिक कार्यक्रम गर्न लागिएको हो।

सेवाका अध्यक्ष धर्म महर्जनका अनुसार यस वर्ष युवाहरुको ढुकढुकी कुमार सागर, रोजमान महर्जन, निशा देसार, उजन शाक्य, निभा डंगोल, रत्नशोभा महर्जनलगायतले प्रस्तुत गर्ने कार्यक्रम रहेको जानकारी गराउनु भयो। साथै कार्यक्रममा नेवार पहिचान जोगाउन आफूहरुले सो कार्यक्रम गर्न लागेको जानकारी गराउनु भयो। फनोलोजिक सोलुसनले कार्यक्रमको व्यवस्थापन (इभेन्ट म्यानेजमेन्ट) गर्दैछ।

फलफूलचोक सडक महोत्सव सम्पन्न

● **मेरो संवाददाता**

काठमाडौं/फेन्सी व्यवसायी संघ नेपालले 'नयाँबजार फलफूलचोक सडक महोत्सव' भव्यताका साथ सम्पन्न गरेको छ।

काठमाडौं क्षेत्र नं ७ 'क'का प्रदेश सभाषद् बसन्त मानन्धरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त महोत्सव १० हजार भन्दा बढी दर्शकले अवलोकन गरेको संस्थाका अध्यक्ष दिनेश श्रेष्ठले बताउनुभयो।

महोत्सवमा विभिन्न किसिमका झाँकी, मौलिक खानाका साथै फेन्सी सामानका स्टलहरू राखिएको थियो।

संस्थाका सल्लाहकार चित्र भुजेलले संचालन गर्नुभएको महोत्सवको औपचारिक कार्यक्रम संस्थाका अध्यक्ष दिनेश श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको हो।

फेन्सी व्यवसायी संघले रक्तदान, प्राकृतिक तथा दैवी विपत्तीमा परेका हरूलाई सहयोग, जनचेतनामुलक सरसफाई जस्ता कार्यक्रमहरू गर्दै आइरहेको छ।

२० औं राष्ट्रिय ज्यापु दिवसको
पावन अवसरमा सम्पूर्ण नेपालीहरुको
सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

२० औं राष्ट्रिय ज्यापु दिवस समारोह समिति ११४४ संयोजक
त्यंगः त्वाः खलः
काठमाडौं ।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

ज्यापु दिवस राष्ट्रिय दिवस

बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधता बोकेको नेपालको विविधता मध्येमा एक हो नेवार समुदाय। नेवार समुदाय आफैमा पनि विविधताले भरिएको समुदाय हो। यस भित्र पनि थुप्रै जाति, उपजाति र समाज अन्तरघुलित भएर रहेको पाइन्छ। यिनै विविध जाति, उपजाति मध्येमा एक अलग्ग पहिचान बोकेर आफूलाई समाजकै रुपमा अगाडि उभ्याउन सफल समुदाय हो ज्यापु समुदाय। नेवार भित्रै अन्तरघुलित भएर रहेता पनि ज्यापु जातिभित्र आफ्नै मौलिकपना अझै जीवित रहेको पाइन्छ। विशेषतः काठमाडौं उपत्यकामा परापूर्वकालदेखि खेति किसानीको काम गर्दै आएको समुदायलाई ज्यापु भन्ने गरिएको पाइन्छ। तर यसको अर्थ खोज्दै जाँदा खेतिपातीमा मात्र सीमित भएर पुग्दैन। यहाँको भूमिपुत्रकै रुपमा ज्यापु समुदायलाई लिनु उपयुक्त हुने गर्दछ। ज्यापु समुदाय मुख्यरुपमा कृषि पेशामा नै आवद्ध रहेको पाइन्छ। दुई दशक अगाडिसम्म पनि काठमाडौंका उर्वर भूमिलाई आफ्नो रगत पसिनाले सिंचन गर्ने समुदाय को हो भनेर खोज्ने हो भने ज्यापु जाति नै अग्रपंक्तिमा देखिन आउँछ। बढ्दो शहरीकरणका कारण आज काठमाडौं उपत्यकामा खेतियोग्य जमिन बिलाइ सकेको छ, तर ज्यापु समुदायले आफ्नो मौलिक संस्कृति र सम्पदालाई अझै पनि अंगालेर राखेको पाइन्छ।

कृषिबाट विस्थापित भए पनि यससँग सम्बन्धित पर्वहरुलाई ज्यापु जातिले आजका दिनसम्म जीवन्त राखेको पाइन्छ। यसैको एक ज्वलन्त उदाहरण हो यःमरि पुर्णिमा - राष्ट्रिय ज्यापु दिवस। हुन त यःमरि पुर्णिमाको पर्याय ज्यापु दिवस होइन। तर आज यःमरि संस्कृतिको जुन उचाइ छ त्यसमा ज्यापु दिवसको भूमिका अहम् छ भन्ने कुरा अन्य पर्व र यस पर्वमा देखिने उत्साहले नै बोध गराउने गर्दछ। नेवार समुदायमा मासिकरुपमा कुनै न कुनै पर्व मनाइने गरिन्छ। ती सबै पर्वको चर्चा त्यति धेरै भएको पाइँदैन जति यःमरि पूर्णिमाको। नेपाली सांस्कृतिक विविधतालाई जीवन्त राख्न यसर्थ पनि ज्यापु दिवसको अहम् भूमिका रहेको छ। यो पर्व कृषिसँग सम्बन्धित रहेकै कारणले पनि यो दिवस देशकै राष्ट्रिय दिवस हो भन्ने कुरालाई बुझ्न जरुरी छ।

ज्यापु संस्कृति विकास कोष बहःचाधंगु म्हसीका

विकास कोषया स्थापना

हनेबहम्ह राज्यमन्त्री भाजु तीर्थराम डंगोलजुया पहलय् आर्थिक वर्ष २०५७/५८ या बजेटय् काठमाडौं महानगरया ६३ नासःद्यः गुथि खलःपिन्त बाजा मर्मत यायुया लागि छगु गुथियात २० हजारया दरं १२ लाख ६० हजार ध्यबाया व्यवस्था जुल। बजेटय् विनियोजित जूगु ध्यबा अर्थ मंत्रालयपाखें कयाः अक्षय कोष दयेकेगु व मेमेगु श्रोतपाखे नं ध्यबा मुनाः हयेगु अठोटं यानाः नारायण परिवार क्लव व तत्कालिन श्रीज्यापु महागुथि नेपाःया सहकार्य जुया ज्यापु संस्कृति विकास कोष पलिस्था जूगु खः।

विकास कोषया उद्देश्य :

- परम्परागत मौलिक बाजागाजा व सांस्कृतिक सम्पदाया अभिलेख तयार यायेगु, लिपिबद्ध यायेगु, श्रव्य दृष्य सामग्री दयेकेगु व मर्मत संभारय् ग्वाहालि यायेगु।
- मौलिक व परम्परागत संस्कृति, सांस्कृतिक नीधि व सम्पदा बारे अध्ययन, अनुसन्धान, गोष्ठी, छलफल कार्यक्रम संचालन यायुगु।
- राष्ट्रिय अन्तराष्ट्रिय स्तरय् सांस्कृतिक ज्याइवः आदान प्रदान यायेगु।
- ज्यापु जीवन्त संग्रहालय पलिस्था यायूत कुत यायुगु।
- ज्यापु प्रतिभापिन्त पुरस्कृत यायेगु व विशेष योगदान बियादीपिन्त सम्मान यायेगु।

काठमाडौं महानगरपालिकानाप सहकार्य

काठमाडौं महानगर दुनेया नासःद्यः गुठि खलःयात लक्षित यानाः विकास कोष पलिस्था जूगु जुसां कोषया उद्देश्य कथं सकल ज्यापु समुदाययात एकताबद्ध यानाः धार्मिक व सांस्कृतिक नीधि संरक्षण यायुगु ज्याय् काठमाडौं महानगरपालिका नाप सहकार्य जुयाच्वंगु दु। काठमाडौं महानगर लागां पिने लागु कीर्तिपुर, थानकोट, मनमैजु, तोखा, यल, ख्वप लगायतया ज्यापु समुदायनाप व स्थानीय निकायनाप नियमित सम्पर्क जुया च्वंगु दु।

बाजा संग्रहालयया व्यवस्था

विक्रम सम्वत् २०६७/६८ सालय् तत्कालिन सभासद विकास कोषका संरक्षक भाजु तीर्थराम डंगोलपाखे बाजा संग्रहालय पलिस्था यायूत ५ लाख दां प्राप्त जूगु। उगु दांपाखे खिं, धिमय्, भुस्याः न्यानाः विकास कोषया थःगु भवन मदुगुलि ओन्दे त्वाःनाप सहकार्य यानाः ज्या न्ह्यानाच्वंगु दु।

गुरु हनेज्या

दँयदसं गुरु पुन्हिया लसताय् परम्परागत त्वाः गुथिया मू गुरुपिन्त मंकाः कथं हनेगु ज्या जुयाच्वंगु दु। यैं महानगरपालिका दुने जक सीमित जुया च्वंगु थुगु मंकाः गुरु हनेज्याइवःयात ज्यापु महागुथि नेपाःया थीथी लागाया मू गुरुपिन्त नं हनेगु कुतः जुया च्वंगु दु।

ज्यापु दिवस

विक्रम सम्वत् २०६१/०६२ सालय् जनआन्दोलन सफल जुया पुनर्स्थापित जुगु संसदपाखें राजतन्त्रयात अन्त्य यानाः संघीय लोकतान्त्रिक गणतन्त्र नेपाःया पलिस्था जुल। सदियौंनिसे ल्युने लाःपिं व लिकुनाच्वंपिं आदिवासी, जनजाति, मधेसी, मिसा, दलित लगायतया समुदायत थःथःगु पहिचान व अधिकारया लागि सः थ्वयूका एकताबद्ध जुयाः आन्दोलित जुया वल। थुगु हे सन्दर्भय्, ज्यापु जातिया स्वपहिचान व अधिकारया लागि संगठित जुयाः न्ह्याः वनेत छगू माध्यम कथं ज्यापु संस्कृति विकास कोषं २०६१ सालय् ज्यापु दिवस हनेगु ज्या जूगु खः।

ज्यापु दिवसयात राष्ट्रिय मान्यता

ज्यापु दिवस हनेगु इवलय् राजनैतिक पार्टीया नेतृत्ववर्ग, सांस्कृतिककर्मी, पत्रकार लगायत नेपाःया संस्कृतिया महत्व थूपिं शुभेच्छुकपिनिगु सदिच्छा व समर्थन दया वल। संस्कृति मन्त्रालयपाखे ग्वाहालि याना बिउगुलिं ज्यापु दिवसयात २०६५ सालय् राष्ट्रिय दिवस कथं मान्यता कायूत सफल जुल।

राष्ट्रिय दिवसकथं ज्यापु दिवस हनेत ज्यापुत जक मखु सकल नेपाःमिपिनिगु सहभागितायु थःथःगु भेषभुषा, बाजागाजा ज्वना सांस्कृतिक च्यालीपाखे नगर परिक्रमा यना लायकुलि (बसन्तपुर) मू समारोह याना वयाच्वनागु दु। मू समारोहया मूपाहाँकथं सरकार प्रमुख प्रधानमन्त्रीयात ब्वनाच्वनागु दु। थुगु मू समारोहलय् संस्कृति मन्त्री नापं थीथी जातिय व सांस्कृतिक ख्यःनाप स्वापु दुगु संघसंस्थाया प्रतिनिधिपिन्त पाहाँकथं ब्वनेगु ज्या जुयाच्वंगु दु।

राष्ट्रिय ज्यापु दिवस समारोह समिति गठन प्रक्रिया

ज्यापुतयूगु पहिचानया मू आधार परम्परागत त्वाःया व्यवस्था खः। यैं दुने ज्यापुतय् दथुइ ६३ त्वाःकथं इना तःगु दु। यल ४२ त्वाःया व्यवस्था दु। ज्यापु त्वाःया व्यवस्था त्वाः गुथिपाखें जुयाच्वंगु दु। त्वाः गुथि छगू स्वशासित निकाय खः। त्वाः गुथिपाखें धार्मिक व सांस्कृतिक गतिविधि नाप सामाजिक विधि व्यवहार जुयाच्वंगु दु।

थथे महत्वपूर्ण भूमिका म्हिता वःगु त्वाः गुथिया परम्परायात सम्मान यासें विकास कोषपाखें हरेक वर्ष छगु परम्परागत त्वाःया नायःजुया संयोजकत्वय् राष्ट्रिय ज्यापु दिवस समारोह समिति गठन यायुगु नीति ज्वना वया च्वनागु जुल।

वर्तमान कार्य समिति

नायः - मंगलकृष्ण सिंह, न्वकु, सन्त कुमार महर्जन, मू छ्यान्जे - रमेश महर्जन, दांभरी - निरज कुमार महर्जन, छ्यान्जे - धन बहादुर महर्जन (तिमिला), ल्यू दांभरी - गोविन्द महर्जन, दुजःपिं सत्य नारायण डंगोल, तीर्थ नारायण महर्जन, पुष्परत्न प्रजापति, कुल नारायण महर्जन, गम्भिर मान महर्जन, मचाराजा महर्जन, बालकृष्ण महर्जन, सल्लाहकारपिं सन्तु महर्जन (प्रतिनिधि ज्यापु महागुथि नेपाः) प्रचण्ड मान बज्राचार्य (नायः, नारायण परिवार क्लव), जुजुभाई डंगोल (पूर्व का.बा. नायः, ज्यापु संस्कृति विकास कोष)।

(ज्यापु संस्कृति विकास कोषया म्हसीकापाखें संक्षिप्त रुपं न्ह्यब्वया)

भिंच्यादँ बुन्हिनिसें स्वला-स्वलाय् हिदान यायेगु याये ।
हिदान यानाः हे दान मध्ये अप्वः पुण्य लाभ याये ।

यःमरि पुन्ही लिसें २० क्वःगु राष्ट्रिय ज्यापु दिवसया लसताय्
सकल नेपाःमिपिनि सुख, समृद्धि, उत्तरोत्तर प्रगति
व सुस्वास्थ्यया मनंतुसें भिंतुना देछाना ।

ई. सानु बाबु प्रजापति
(दुजः, ज्यापु महागुथि नेपाः केन्द्रीय समिति)

नायः
ब्लड डोनर्स एशोसिएशन नेपाल
(ब्लोदान)
(हिदान याइगु संस्थाया महासंघ)

जनगायक रामकृष्ण दुवाललाई विशेष सम्मान

• **मेरो संवाददाता**

काठमाडौं/इलोहं प्रकाशनले एक कार्यक्रमको आयोजना गरी जनगायक रामकृष्ण दुवाललाई सम्मान गरिएको छ। प्रकाशनका अध्यक्ष नरेशवीर शाक्यले दुवाललाई सम्मानपत्रका साथ २५ हजार नगदसहित सम्मान गर्नुभएको थियो। सोही कार्यक्रममा नेपालभाषाका शिक्षकहरुप्रति समर्पित ईलोहं प्रकाशनको प्रस्तुति रहेको नेपालभाषाको गीत जिगु देय् जितः यः पनि प्रिमियर गरिएको थियो।

रानीशोभा महर्जनको स्वर रहेको गीतको रचना तथा संगीत जनगायक रामकृष्ण दुवालको रहेको छ। जीवित जल्मीले संगीत संयोजन गर्नुभएको गीत सुर मेलोडी स्टूडियोमा रेकर्ड गरिएको हो। नेपालभाषाको ऐतिहासिक चलचित्र 'राजमति'की प्रमुख अभिनेत्री हिसिला महर्जन र किशोर चिपालुको प्रमुख अभिनय रहेको म्यूजिक भिडियोको छायांकन तथा सम्पादन मनोजरत्न शाहीले गर्नुभएको छ। म्यूजिक भिडियोको निर्देशन तथा परिकल्पना दर्शनवीर शाक्यको रहेको छ। जोशीननी हेरिटेज होममा आयोजित कार्यक्रममा कीर्तिपुर नगरपालिकाका पूर्वप्रमुख रमेश महर्जन, बागमती प्रदेशसभा सदस्य मा. शैलेन्द्रमान बज्राचार्य, कीर्तिपुर नगरपालिकाका ५ वडाका अध्यक्ष सानुमैया महर्जनको विशेष उपस्थिति रहेको थियो।

हलिं नेवाः गुथि गतिविधि

करुणामय मिसा पुचः स्वन

यैं/हलिं नेवाः गुथि केन्द्रया मू नायः विनोद महर्जनया मूपाहाँसुइ करूणामय मिसा पुचः नीस्वन। २० वडाया सकृय मिसापिं दुथ्याकाः नीस्वंगु पुचलय् २४ म्ह दुज दुगु खः।

उगु समितिया नायलय् नगमा महर्जन, न्वकु लक्ष्मि महर्जन, छ्याञ्जे मुना महर्जन, दाँभरि सरिता महर्जन, दुजः राधिका कर्माचार्य, सुनिता अमात्य, जिना महर्जन, हेरादेवि महर्जन, कृष्ण देबि महर्जन, बाँला महर्जन, बिमला महर्जन, बसुधा श्रेष्ठ, एलिना श्रेष्ठ र सुजिता श्रेष्ठ दुथ्याःगु खः।

प्रथम एनडिए नृत्य निर्देशक अवार्ड सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/नेपालकै पहिलो नृत्य निर्देशकहरुको अवार्ड 'प्रथम एनडिए नृत्य निर्देशक अवार्ड-२०८०' कार्यक्रम सम्पन्न भएको छ। नेशनल डाइनामिक आर्ट्स (एनडिए) प्रा.लिको आयोजनामा २४ विधामा अवार्ड वितरण गरिएको थियो। कार्यक्रम नेपालकै पहिलो नृत्य निर्देशक एवं नृत्य सम्राट भैरव बहादुर थापाको प्रमुख आतिथ्यतामा काठमाडौंको राष्ट्रिय नाचघर जमलमा भव्यताका साथ सम्पन्न भएको हो।

संस्थाका निर्देशक छिरिङ लामाको स्वागत मन्तव्यबाट शुरु गरिएको कार्यक्रममा प्रमुख अतिथि नेपालकै पहिलो नृत्य निर्देशक एवं नृत्य सम्राट भैरव बहादुर थापाले आफ्नो जीवनकालमा नृत्य निर्देशकहरुको हौसला बढाउनका निम्ती आयोजना गरेको अवार्ड कार्यक्रम शुरुवात भएकोमा खुशी व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा उत्कृष्ट तामाङ जातीको लोक नृत्य निर्देशक (जुरी) अवार्ड-निरु फुयाल, उत्कृष्ट थकाली नृत्य निर्देशक अवार्ड - सोनु लामा, उत्कृष्ट राइ जातीको लोक नृत्य निर्देशक- नविना के.सी, उत्कृष्ट हुडकेली नृत्य निर्देशक पब्लिक चोइस अवार्ड - मनु लिम्बु, उत्कृष्ट झिझिया नृत्य निर्देशक अवार्ड - नारायणी थापा मगर, उत्कृष्ट शेब्रु नृत्य निर्देशक अवार्ड - निर्जला राइ, उत्कृष्ट कौडा नृत्य निर्देशक पब्लिक चोइस अवार्ड - पर्सन गुरुङ, उत्कृष्ट थारु नृत्य निर्देशक अवार्ड- दिल बहादुर सुनार, उत्कृष्ट नेवार नृत्य निर्देशक अवार्ड- रबिन्सन श्रेष्ठ, उत्कृष्ट तीज नृत्य निर्देशक अवार्ड- सिता माया श्रेष्ठ, उत्कृष्ट मारुनी नृत्य निर्देशक- ममता राइ, उत्कृष्ट टप्पा नृत्य निर्देशक पब्लिक चोइस अवार्ड- आक्रिती गुरुङ, उत्कृष्ट छलिया नृत्य निर्देशक अवार्ड- सिर्जना माया लामा, उत्कृष्ट धिमाल नृत्य निर्देशक पब्लिक चोइस अवार्ड- नरेश घले, उत्कृष्ट सेब्रु नृत्य निर्देशक जुरी अवार्ड - सुनिल गिरी, उत्कृष्ट झिझिया जातीको नृत्य निर्देशक पब्लिक चोइस अवार्ड-किसन बहादुर नेम्वाङ, उत्कृष्ट कौडा नृत्य निर्देशक अवार्ड - अस्मिता पराजुली, उत्कृष्ट तामाङ नृत्य निर्देशक अवार्ड - सरस्वती पोखरेल, उत्कृष्ट टप्पा नृत्य निर्देशक अवार्ड - मन्दिरा न्यौपाने, उत्कृष्ट हुडकेली नृत्य निर्देशक अवार्ड - लक्ष्मी पुरी, उत्कृष्ट धिमाल नृत्य निर्देशक अवार्ड- हिरा तामाङ, सर्वोत्कृष्ट नृत्य निर्देशक पब्लिक चोइस अवार्ड- मनाङ गुरुङ, सर्वोत्कृष्ट नृत्य निर्देशक जुरी अवार्ड- दिवस गिरी, सर्वोत्कृष्ट नृत्य निर्देशक अवार्ड - युवराज गुरुङले प्राप्त गरेका छन।

हलिं नेवाः गुथिया मंकाः मुँज्या

यैं/हलिं नेवाः गुथिया थीथी कवःया मंकाः मुँज्या पुष ७ गते शनिवाः क्वचाल। थ्व हे पुष २१ गते जुइत्यंगु सुभाय् व भिन्तुना देछा ज्याझ्वः ताः लाकेत हलिं नेवाः गुथि यैं जिल्ला, यैं महानगर समिति व लिधंसा कचाया मंकाः मुँज्या जूगु खः।

बाग्मति प्रदेशय् नेपालभाषा व तामाङ्ग भाषायात सरकारी कामकाजी भाषा दयेकेगु विधेयक पारित जुयाः राजपत्रय् तकं पिहाँवय् धुंकूगु लसताय् थुगु ज्याझ्वः जुइत्यंगु बाग्मति प्रदेशया नायः गौतम कर्माचार्यं कनादीगु खः।

अथेहे थुगु ज्याझ्वलय् थीथी व्यक्तित्वपिन्त हनेगु ग्वसाः दुगु गुथिया मू नायः विनोद महर्जनं कनादिगु दु। वयूकलं नेपालय् संघीयता लोकतन्त्र व गणतन्त्र वःगु हुनिं हे थौं नेपाल भाषा सरकारी कामकाजी भाय् जुइत ताःलाःगु खँ कनादिसें ज्याझ्वलय् शहिद परिवार, घाइते अपाङ्ग परिवार, बेपत्ता योद्धा परिवारपिन्त हनेगु ज्याझ्वः दुगु लिसें नेवाः भाषा संस्कृति शिक्षा, पत्रकारिता कलाकारिता व साहित्य खेलय् योगदान बियादीपिन्त हनेत्यनागु मुँज्याय् जानकारी बिउगु खः।

मुँज्याय् यैं जिल्ला नायः ज्ञानुराज सिख्राकार यैं महानगर समिति नायः विर कृष्ण श्रेष्ठ, सल्लाहकार रामेश्वर श्रेष्ठ, सम्पदा कवःया नायः धर्म नारायण महर्जन यैं जिल्लाया सल्लाहकार रामेश्वर मान सिं डंगोल यैं महानगर २४ वडा नायः शम्भु श्रेष्ठ,१८ वडा नायः १ वडाया प्रेम मान डंगोल संखरापुर नगरया नायः हरि महर्जन व लिधंसा कचाया नायः सिलु महर्जनया ब्वति दुगु खः।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
Newa FM 106.6 MHz
न्हिच्छि–चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंक प्रत्यक्ष : newafm.com.np
ह्मो पात्रो
नेपालभाषा एकेडेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः, ह्युःवाखा।
फोन ल्याः ४३३७२७१, ४३३४२००
इ-मेल : ankmedia.newafm@gmail.com
ANK MEDIA Media for Social Good

२० क्वःगु राष्ट्रिय ज्यापु दिवसया प्रचारया निंतिं संयोजक त्वाः त्यंगः त्वाः खलःपाखें न्ह्याकूगु थीथी ज्याझ्वः

पुस ७ गते शनिवाः यैं महानगरया पूर्वप्रमुख विद्यासुन्दर शाक्यया मूपाहाँसुइ जूगु सुकुन्दा च्याली ज्याझ्वलयू ब्वति कयादीपिं हनेबहःपिं व्यक्तित्वपिं ।

पुस ७ गते शनिवाः यैंया थःने क्वःने लागा चाःहिउगु सुकुन्दा च्याली ज्याझ्वलयू ब्वति कयाच्वनादीपिं ।

परम्परागत त्वाःया मिसा भेला व बान्हा विषयस सहलह ज्याझ्वलयू ब्वति कासें ज्यापु महागुथि नेपाःया नायः सत्यनारायण डंगोल, ज्यापु संस्कृति विकास कोषया नायः मंगलकृष्ण सिंह, त्यंघः त्वाः नायः धनबहादुर महर्जन तिमिला, न्हूदँ राष्ट्रिय समारोह समितिया नायः प्रा.डा. नरेशमान बज्राचार्य व महागुथि यैं जिल्लाया नायः पञ्चनारायण महर्जन ।

परम्परागत त्वाःया मिसा भेला व बान्हा विषयस सहलह ज्याझ्वलयू ब्वति कयादीपिं थीथी परम्परागत त्वाःया मिसा खलःपुचःया प्रतिनिधिपिं ।

मंसिर २३ गते शनिवाः जूगु हिदान ज्याझ्वलयू ब्वति कयाच्वनादीपिं ।

मंसिर २३ गते शनिवाः जूगु हिदान ज्याझ्वलयू पाहाँकथं झायादीम्ह यैं मनपा १८ वडाया नायः न्हुछेकाजी महर्जन ।

साइकल च्यालीया उलेज्या यानादिसें बागमती प्रदेशसभा दुजः मा. बसन्त मानन्धर ।

साइकल च्यालीइ ब्वति कयादीपिं ।

साइकल च्यालीइ खटे जूगु रेडक्रस व स्वयमूसेवकपिनि पुचः ।

साइकल च्यालीइ भाःपिन्त लसकुस यासें टोखा संस्कृति संरक्षित क्षेत्र विकास समिति, तोखा नगरपालिका व नेवाः गुथि तोखाया जःपिं ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डयात ग्वय्दां लःल्हासें ज्यापु संस्कृति विकास कोषया नायः मंगलकृष्ण सिंह ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डयात ग्वय्दां लःल्हाः वनेगु झ्वलय् संयोजक त्वाः त्यंगः त्वाः खलःया नायः धनबहादुर महर्जनलिसें त्वाःया बाजं खलः व मिसा पुचःया प्रतिनिधिपिं ।

फुटसल कासाया थीथी लू

ज्यापु संस्कृति विकास कोष पुरस्कार र सम्मान सिफारिश समिति २०८०
सम्मानित हुने व्यक्तिहरु

	विधा	नाम र ठेगाना
१	ज्यापु रत्न	डा. पुरुषोतम नारायण सुवाल, ताहाचल
२	ज्यापु प्रज्ञा	प्रा.डा. त्रिरत्न मानन्धर, गल्कोपाखा, काठमाडौं
३	ज्यापु बाल प्रतिभा पुरस्कार	एन्जल महर्जन, थःबही, काठमाडौं
४	ज्यापु युवा प्रतिभा पुरस्कार शिक्षा	रिकेश महर्जन, बानेश्वर, काठमाडौं
५	ज्यापु युवा प्रतिभा पुरस्कार बाद्यवादन	प्रविन महर्जन, तःननी, काठमाडौं
६	ज्यापु युवा प्रतिभा पुरस्कार सञ्चार	कृष्णराम किसी, जगाती, भक्तपुर
७	ज्यापु युवा प्रतिभा पुरस्कार खेलकूद	खुशी डंगोल, तोखा, काठमाडौं
८	ज्यापु युवा प्रतिभा पुरस्कार खेलकूद	पिजः महर्जन, लस्कननी, काठमाडौं
९	ज्यापु युवा प्रतिभा पुरस्कार खेलकूद	राजिव महर्जन, लस्कननी, काठमाडौं
१०	ज्यापु युवा प्रतिभा पुरस्कार सौन्दर्यकला	हसना डंगोल, जावलाखेल, ललितपुर
११	चक्रमान डंगोल समाज सेवा पुरस्कार	ई. सानुबाबु प्रजापति, नयाँबजार, काठमाडौं
१२	बाद्यगुरु स्व. कृष्णभाई महर्जन स्मृति पुरस्कार	पञ्चरत्न डंगोल, महाबौध्द, काठमाडौं ।
१३	ज्यापु सरस्वति पदक	मनिल राज महर्जन, ठमेल, काठमाडौं
१४	ज्यापु उद्यमशिलता सम्मान	मनिशा डंगोल श्रेष्ठ, नयाँबजार, काठमाडौं
१५	ज्यापु महिला सशक्तिकरण	राम कुमारी महर्जन, बलम्बु, काठमाडौं
१६	ज्यापु प्रतिभा सम्मान ललितकला	सरिता डंगोल, चाकुपाट, ललितपुर
१७	ज्यापु विशेष सम्मान	दुर्गा प्रसाद श्रेष्ठ, सिक्किम, भारत
१८	ज्यापु विशेष सम्मान	सुनिल जोशी, मिरिक, दार्जिलिङ्ग, भारत
१९	ज्यापु विशेष सम्मान	लिल बहादुर प्रधान, गुवाहाटी, भारत
२०	ज्यापु विशेष सम्मान	बालकृष्ण तुलाधर, बाफल, काठमाडौं
२१	ज्यापु विशेष सम्मान	रोशन कुमार श्रीवास्तव, गौर, रौटहट
२२	ज्यापु विशेष सम्मान	विरकृष्ण महर्जन, सितापाइला, काठमाडौं
२३	ज्यापु विशेष सम्मान	तारा महर्जन, ताहाननी, काठमाडौं
२४	ज्यापु विशेष सम्मान	राजु शाक्य, खुशीबही, टंकेश्वर, काठमाडौं
२५	ज्यापु विशेष सम्मान	पुर्ण प्रजापति, ठिमी, भक्तपुर (हनुमानढोका)
२६	ज्यापु विशेष सम्मान	श्रीमिला सुवाल, चल्खु, काठमाडौं
२७	ज्यापु विशेष सम्मान	सुशान्त डंगोल, तोखा, काठमाडौं
२८	ज्यापु साँस्कृतिक धरोहर सम्मान :	चौधौं राष्ट्रिय ज्यापु दिवस समारोह समिति २०७४का संयोजक न्हुछेनारायण महर्जन, नायः, परम्परागत नबहाः ब्रम्हःत्वाः खलः, नबहाः, काठमाडौं ।
२९	संयोजक कार्य सम्पादन प्रशंसा पत्र	उन्नाईसौं राष्ट्रिय ज्यापु दिवस समारोह समिति-२०७९का संयोजक श्री पञ्चनारायण महर्जन, त्वाःनायः, परम्परागत गोफः त्वाः खलः, गोफल, काठमाडौं ।

'ज्यापु दिवसले प्रशासनिक चेतना अभिवृद्धि गर्न सहयोग गरेको छ'

✍ **गोविन्द महर्जन**

संयोजक, १६ औं, १७ औं र १८ औं राष्ट्रिय ज्यापु दिवस समारोह समिति
अध्यक्ष, गोफःत्वाः माकःगल्ली ज्यापु समाज

राष्ट्रिय ज्यापु दिवस मनाउने क्रममा हाम्रो गोफः त्वाः माकःगल्ली ज्यापु समाजले १६ देखि १८ औंसम्म तीन वर्ष संयोजनको जिम्मेवारी बहन गर्‍यौं। यस क्रममा कोभिड महामारी पनि परेका कारणले हामीले सोचे अनुरुप कार्यक्रमहरु संचालन गर्न नसके पनि हामीले प्रशासनिक रुपमा कसरी अगाडि बढ्ने भन्ने ज्ञान आर्जन गर्न सफल भयौं।

ज्यापु दिवसका अवसरमा हामीले विभिन्न कार्यक्रमहरुको आयोजना गरेका थियौं। जसमा साईकल च्यालि, सुकुन्दा च्यालि, सम्माननिय प्रधानमन्त्रीको उपस्थितिमा पुरस्कार तथा सम्मान कार्यक्रम गर्न सफल भयौं। तीन वर्षसम्म संयोजनको जिम्मेवारी लिएको भएता पनि पहिलो वर्ष हामीले जुन उत्साहका साथ काम गर्न पायौं, दोश्रो र तेश्रो वर्ष कोभिड महामारीका कारण राम्ररी संचालन गर्न सकेनौं।

वास्तवमा भन्नुपर्दा टोलका सम्पूर्ण सदस्यहरुको साथ र सहयोग भएकै कारणले हामी यस कार्यमा सफल बन्न सकेका हौं। यसका लागि हामीलाई सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

आगामी दिनमा ज्यापु दिवस सो दिनमा वा त्यसको वरपरमा कुरा नगरी आवश्यक समयमा आवश्यताअनुरुप अगाडि बढ्नुपर्छ। सबैले एकआपसमा सहयोगको भावना राख्ने हो भने नै यो दिवस निरन्तर अगाडि बढ्न सक्छ।

२० क्वःगु राष्ट्रिय ज्यापु दिवसलिसें
यःमरि पुन्हीया लसताय्
सकल नेपाःमिपिन्त भिंतुना देछानाच्वना ।

प्रचण्डमान बज्राचार्य
नायः
नारायण परिवार क्लब
परिवार
ओन्दे, यँ मनपा-१२ ।

नेवारहरुको महत्वपूर्ण सांस्कृतिक पर्व
यःमरि पुन्ही एवम् २० औं राष्ट्रिय ज्यापु दिवसको
पावन अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सुर संसार मिडिया
परिवार
ओन्दे, टेकु, काठमाडौं ।
९८४९३७२५७१, ९८४१२१५२५०

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग

ग्वंगःबुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१



यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

हरेक मंगलवार नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका

लहना
व्यवसायिक पत्रकारिता, थौंया आवश्यकता LAHANA WEEKLY वा:पौ

खोजी खोजी पढौं।

सत्यनारायणबहादुर स्मृति मिडिया कपमा चितवन च्याम्पियन

• **मेरो संवाददाता**

काठमाडौं/नेवाः पत्रकार राष्ट्रिय दबू (एनएफएनजे)ले नेपालको पत्रकारिता क्षेत्रका अग्रज सत्यनाराणबहादुर श्रेष्ठको स्मृतिमा आयोजना गरेको सत्यनारायणबहादुर स्मृति मिडिया कप फुटसल प्रतियोगितामा सोमबार नेवाः पत्रकार राष्ट्रिय दबु चितवन च्याम्पियन भएको छ।

आदर्श विद्या मन्दिर (एभिएम) विद्यालयस्थित फुट्सल मैदानमा भएको प्रतियोगिताको फाइनलमा चितवनको टिमले एनएफएनजे काठमाडौंलाई ८-४ ले हरायो। च्याम्पियन टिमका लागि अनिश श्रेष्ठ र गगन श्रेष्ठले चार-चार गोल गर्नुभयो। यसैगरी काठमाडौंका अभिनव जोशीले पनि फाइनलमा चार गोल गर्नुभएको थियो।

प्रतियोगितामा नेवाः पत्रकार राष्ट्रिय दबू, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), नेवाः कलाकार र एनएफएनजे ललितपुरको पनि सहभागिता रहेको थियो।

कपका लागि सहभागी छ टिमलाई दुई समूहमा विभाजन गरिएको थियो। समूह एमा आयोजकसहित ललितपुरको पत्रकार टिम र कलाकार तथा समूह बीमा काठमाडौं, चितवनको पत्रकार टिम र फोनिज रहेका थिए। समूह एबाट नेवाः कलाकार विजेता र आयोजक एनएफएनजे उपविजेता

बनेर सेमिफाइनल पुगेका थिए। यसैगरी चितवन समूह बीको विजेता र काठमाडौं उपविजेताको हैसियतमा अन्तिम चारमा पुगेका थिए।

उद्घाटन खेलमा कलाकारको टिमले आयोजकलाई १-० ले हराएर विजयी सुरुआत गरेको थियो। कलाकारको टिमले समूह चरणमा एनएफएनजे ललितपुरलाई पनि ४-० ले हरायो। आयोजक एनएफएनजे भने आफ्नो दोस्रो खेलमा ललितपुरलाई २-१ ले पराजित गरी सेमिफाइनलमा स्थान बनाउन सफल भएको हो।

समूह बीमा चितवनले काठमाडौंलाई ६-२ र फोनिजलाई ७-१ ले पराजित गरेको थियो। काठमाडौंले आफ्नो दोस्रो खेलमा फोनिजलाई ५-१ ले हराएर सेमिफाइनलमा प्रवेश गरेको हो। पहिलो सेमिफाइनलमा काठमाडौंले कलाकारलाई ६-२ र दोस्रो सेमिफाइनलमा चितवनले एनएफएनजेलाई ५-१ ले हराएर उपाधि भिडन्तमा स्थान बनाएका हुन्।

सो प्रतियोगिताको समूह चरण सकिएपछि नेवाः महिला पत्रकार र नेवाः महिला कलाकारबीच मैत्री खेल भएको थियो। जसमा नेवाः महिला पत्रकार २-१ ले विजेता बनेको थियो।

सो प्रतियोगिताको उद्घाटनमा ललितपुर महानगरपालिका वडा नं ५ का अध्यक्ष विकासमान श्रेष्ठ र समापनमा ललितपुर उपमहानगरपालिकाका उपमेयर मञ्जली शाक्य प्रमुख अतिथिको रुपमा उपस्थित हुनु भएको थियो।

नेवाः पत्रकार राष्ट्रिय दबुले शिक्षाविद् तथा पत्रकार श्रेष्ठलाई नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्षको पहिचानको मागसहित हरेक वर्ष विभिन्न कार्यक्रम गरी अभियान चलाउँदै आएको छ। नेवाः पत्रकार राष्ट्रिय दबूले यसपटक श्रेष्ठको १०८ औं जन्मोत्सव मनाउने क्रममा फुटसलको आयोजना गरेको हो। श्रेष्ठको १०८ औं जन्मोत्सवको प्रमुख कार्यक्रम भने पुस १३ गते हुनेछ। सोही दिन मिडिया कपको विजेता, उपविजेता टिमहरुलाई पुरस्कृत गरिनेछ। नेवाः पत्रकार राष्ट्रिय दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले २००८ सालमा नेपाल टुडेको सम्पादक श्रेष्ठले आफ्नो अध्यक्षतामा पहिलो पटक नेपाल पत्रकार संघको गठन गरेपछि नेपालमा पत्रकारहरुको संगठन सुरु भएको बताउनुभयो। २०१२ सालमा पत्रकारहरुको अर्को बैठकबाट पूर्व प्रधानमन्त्री तथा नेपाल कांग्रेसका पूर्व सभापति कृष्णप्रसाद भट्टराईको सभापतित्वमा नेपाल पत्रकार संघको पुनर्गठन गरिएको थियो। त्यसपछि यही तथ्यलाई पहिलो घटनाको रुपमा व्याख्या गरी भट्टराईलाई नेपाल पत्रकार महासंघको संस्थापक मानिँदै आएको छ- जुन बिल्कुलै गलत भएको उहाँको भनाइ छ।

२० औं राष्ट्रिय ज्यापु दिवसको
पावन अवसरमा सम्पूर्ण नेपालीहरुको
सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्यापु संस्कृति विकास कोष
JCDT
Jyapu Culture Development Trust

मंगलकृष्ण सिंह
अध्यक्ष एवम्
ज्यापु संस्कृति विकास कोष
सम्पूर्ण परिवार

नेवारहरुको महत्वपूर्ण सांस्कृतिक पर्व
यःमरि पुन्ही एवम्
२० औं राष्ट्रिय ज्यापु दिवसको
पावन अवसरमा सम्पूर्ण नेपालीहरुको घर
धनधान्यले सम्पन्न होस् भन्ने कामना गर्दै
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेवाः सांस्कृतिक पुचः
सकल परिवार

२० औं राष्ट्रिय ज्यापु दिवसको
पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
साथै यस गोफः त्वाःबाट संयोजन गरिएको
१५ औं राष्ट्रिय ज्यापु दिवस
सफल पार्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण
महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

गोफः त्वाः
२१ वडा, काठमाडौं ।


२० औं राष्ट्रिय ज्यापु दिवस तथा यःमरि पूर्णिमाको सुखद उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरुको सुख-शान्ति-समृद्धि तथा प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्स
प्रोपाइटर
नवाः नसा नेवाः नसा
The Newari Cuisine
बी.आई.डी गेट, बालाजु, काठमाडौं ।
फोन : ९८०८८४७१४३
ईमेल : newanasacafe@gmail.com

संघीय सांसदत्रयद्वारा सार्वजनिक सुनुवाई

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं क्षेत्र नं. ६ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य शिशिर खनाल, ७ बाट निर्वाचित गणेश पराजुलीका र समानुपातिक तर्फबाट प्रतिनिधि सभा सदस्य असिम शाहको संयुक्त आयोजनामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ। 'जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्छ' भन्ने मान्यतालाई आत्मसात गर्दै काठमाडौं नयाँ बसपार्कस्थित बिजी ब्यांक्वेटमा सम्पन्न उक्त कार्यक्रममा बोल्दै समानुपातिक सांसद असिम साहले मतदाताले जिताएपश्चात् संसदमा खाएको सपथ अनुसार काम गर्न आफू प्रतिवद्ध रहेको बताउनुभयो।

यस्तै सांसद शिशिर खनालले पारदर्शिता र जवाफदेहिता लोकतन्त्रको सुन्दर पक्ष भएकोले त्यसको मर्मलाई आत्मसात गरिनुपर्ने बताउनुभयो।

सांसद गणेश पराजुलीले तीनै तहका सरकारसँग हातेमालो गर्दै सरोकारवाला निकायहरूसँग समन्वय गरी मतदाताको मागलाई सम्बोधन गर्दै आएको र भोलिका दिनमा पनि त्यस्तो कार्य जारी रहने बताउनुभयो।

उक्त कार्यक्रममा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने सरोकारवाला निकायहरू अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, सडक डिभिजन कार्यालय, काठमाडौ उपत्यका खानेपानी लिमिटेड, चक्रपथ सुधार योजना, सडक विभाग, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकारणका प्रतिनिधिहरू र काठमाडौंका सहायक प्रजिअ समेतको उपस्थिति रहेको थियो।

२० औं राष्ट्रिय ज्यापु दिवसको
पावन अवसरमा
सम्पूर्ण नेपालीहरुमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पञ्चनारायण महर्जन, नाय:
ज्यापु महागुथि नेपा:
यें महानगर समिति

२० औं राष्ट्रिय ज्यापु दिवस तथा य:मरि पूर्णिमाको सुखद उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरुको सुख-शान्ति-समृद्धि तथा प्रगतिको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जय किसान हित बहुमुखी
सहकारी संस्था लि.
गणेशमान सिंह पथ, टेकु, काठमाडौं ।

यात्रालाई सुरक्षित बनाऔं ।

➢ सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
➢ सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
➢ चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
➢ सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
➢ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
➢ चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
➢ मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड